# मिथिला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**ढल्केबर, धनुषा**

स्थापना २०७३

**वालुवा, गिट्टी, ढुंगा रोडा र ग्राभेलको उत्खनन्, संकलन र विक्री कर संकलन गर्ने ठेक्का बन्दोवस्ती सम्बन्धि ३० (तीस)दिने शिलबन्दी बोलपत्र आह्वानको सुचना**

प्रथम पटक प्रकाशित मिति : २०७६।०५।२७ गते।

यस मिथिला नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने निम्न आय शिर्षकमा आ. व. २०७६/०७७ को लागि उत्खनन्, संकलन र विक्री करको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, कर चुक्ताको प्रमाणित प्रतिलिपिहरु तथा कार्य गर्न योग्य भएको स्वघोषणा पत्र पेश गरी निम्न शर्तहरुका अधिनमा रही सूचना प्रकाशित भएको मितिले ३० औं दिन मिति २०७६।६।२५ गते विदा परेकोले मिति २०७६।६।२६ सम्म रु. ५,०००।०० (पाँच हजार) नगदै राजस्व उप–शाखामा तिरी बोलपत्र फाराम खरिद सो को भोली पल्ट मिति २०७६।६।२७ गते दिनको १२.०० बजे सम्म आफुले कबोल गर्ने रकम उल्लेख गरी दाखिला गर्न यो सूचना प्रकाशित गरिएकोछ। यो सूचना यस कार्यालयको www.mithilamun.gov.np मा पनि हेर्न सकिनेछ ।

**शर्तहरु :**

१. बोलपत्र फाराम यस कार्यालय बाट पछि फिर्ता नहुने गरी यो सुचना प्रकाशित भएको मितिले ३० औ वा तोकिएको दिन भित्र कार्यालय समय भित्र शिलबन्दी बोलपत्र फाराम रु ५०००।०० (अक्षेरुपी पाच हजार मात्र) नगदै दाखिला गरी यस कार्यालयबाट खरिद गर्न सकिने छ ।

२. खरिद भएको शिलबन्दी बोलपत्र फाराम नेपाली नागरिकले आफुले कबोल गरेको कुल ठेक्का अंकको ५ (पाँच) प्रतिशत धरौटी रकम नगदै श्री राष्ट्रिय वाणिज्य बैंक, भानुचोक शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. १२२०३०३००७१०३ मा दाखिला गरेको सकलै बैक भौचर वा कम्तीमा १२० दिन म्याद भएको बैंक जमानी पत्र (BID BOND) संलग्न गरी ३१ औं माथि उल्लेख गरिएको दिनको १२.०० बजे भित्र यस कार्यालयमा रितपूर्वक सही छाप तथा शिलबन्दी गरी बोलपत्र दर्ता आफै वा प्रतिनिधि मार्फत दाखिला गर्न सकिनेछ । दर्ता हुन आएका बोलपत्र सोही दिन दिनको २.०० बजे सरकारी कार्यालय र बोलपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। धरौटी बापतको रकम नगद वा विधिपूवकको जमानत संलग्न नगरेकोलाई मान्यता दिईने छैन ।

३. बोलपत्रदाताले पेश गरेको बोलपत्र फिर्ता वा संशोधन गर्न चाहेमा दर्ता गर्ने अन्तिम समय समाप्त हुनु भन्दा चौविस घण्टा अगाडी फिर्ता वा संशोधन गर्न सकिनेछ ।

४. ठेक्का अवधि :- सम्झौता भई चलन पूर्जी लिएको दिन देखि २०७७ जेष्ठ मसान्त सम्म हुनेछ ।

५. बोलपत्र फाराम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

६. बोलपत्र स्वीकृत भए पछी सूचना पाएको वा घरदैलोमा टाँस भएको मितिले १५(दिन) भित्र नियमानुसार आयकर/मू.अ.कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ। सो अवधि भित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरिनेछ र दोश्रो सवै भन्दा बढि

बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आवहान गर्ने वा नगर्ने अधिकार नियमानुसार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. ठेकेदारले आफुले कबोल गरेको कूल रकम दुई किस्तामा बुझाउनु पर्नेछ। पहिलो किस्ता आफुले कबोल गरेको कुल ठेक्का रकमको ६० (साठी) प्रतिशत रकम सम्झौता गर्ने समयमानै बुझाउनु पर्नेछ। त्यस पछिको बाँकी रकम २०७६ साल पौष मसान्त भित्र बुझाउनु पर्नेछ । सम्झौता गर्न आउदा बोलपत्रदाताले बाँकी रकम बराबरको नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त बैंकको बैक ग्यारन्टी वा जमानत (Performance Bond) पेश गरे पछी स्थायी चलन पूर्जी दिईनेछ।

८. ठेकेदारले नियमानुसार तोकिएको दरमा मूल्य अभिबृदि कर थप गरी लिनुपर्ने छ । उक्त मूल्य अभिबृद्धि कर ठेकेदारले आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्नेछ। सो बाहेक पनि नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार बुझाउनु पर्ने अन्य कर दस्तुर, शुल्क आदि संबै ठेकेदार स्वयमले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ। ठेक्का रकमबाट कटाउन तथा घटाउन पाईने छैन।

९. बन्द हडताल, चक्काजाम लगायत अन्य मानव सिर्जित कारणबाट सिर्जना हुने अवस्थाको कारण कर छुट वा मिनाहा दिन नसकिने हुँदा कबोल अंकमा कुनै किसिमको छुट वा मिनहा दिईने छैन । साथै कर छुट वा मिनहा माग गर्न पाईने छैन।

१०.शुल्क उठाउने रसिदमा ठेक्काको शिषर्क उल्लेख गरी ३/३ प्रतिवाला,रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नं. दाखिला गरेर मात्र कर दस्तुर उठाउने प्रयोगमा ल्याउनु पर्नेछ।

११. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित हुनेछ। बोलपत्र पेश गर्दा बोलपत्रदाताको तर्फ बाट कुनै किसिमको शर्त मान्य हुने छैन। शर्त सहितको बोलपत्रलाई बदर मानिने छ । साथै रित नपुगी वा म्याद नाघि अएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

१२. चलन पूर्जीमा उल्लेख भएका मालबस्तु र दर रेटको प्रतिकूल हुने गरी कर दस्तुर शूल्क लिन पाईने छैन। बढि लिएको प्रमाण पेश हुन आएमा तोकिएको दरमा ४ गुणा जरिवाना गरिने र उजुरकर्तालाई जरिवाना रकमको २५% रकम दिईनेछ। कुनै पनि सवारी साधनमा तोकिएको कर नतिरी झुक्याई भागेमा सवारी साधनलाई तोकिएको करको ४ गुणा जरिवाना गरिनेछ। साथै ढुङ्गा, गिट्टी, ग्रेवलको हकमा नगरस्तरीय अनुगमन राजस्व परामर्श समिति र समन्वय समितिको निर्णय अनुसार सिफारिस भएको जरिवाना रकम असुल गरिनेछ ।

१३. सम्मानित अदालत, नेपाल सरकार, नगरपालिकाको निती, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु ठेकेदारको कर्तव्य एवम् दायित्व हुनेछ। नीति निर्देशन वा अदालतको आदेशको पालनाको कारण बाट कुनै क्षति हानि नोक्सानी हुन गएमा सो को क्षतिपूर्तिको दायित्व ठेकेदारले नगरपालिका संग गर्न पाउने छैन।

१४. ठेकेदारले उठाउने कर यस कार्यालयबाट तोकिएको उत्पादन स्थल वा तोकिएको संकलन केन्द्रमा मात्र उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाँट राखी कर उठाउन पाईने छैन। कर संकलन सम्बन्धी सूचना पाटी अनिवार्य रुपमा ठेकेदारले लेखेर संकलन केन्द्रमा राख्नुपर्ने छ ।

१५. बालुवा, ढुङ्गा, रोडा, ग्राभेल र गिट्टीका सन्दर्भमा प्रदेश अनुगमन समिति एवं जिल्ला स्तरीय अनुगमन तथा नगरपालिकाबाट निर्देशन भए बमोजिम हुनेछ ।

१६.नेपाल सरकारबाट बन्देज लगाईएको अवधिमा खोलाबाट नदिजन्य पदार्थ झिक्न पाईने छैन। झिकेमा कानून वमोजिम कारवाही हुनेछ। साथै सडक पुलको तल माथि ५०० मिटर, वन क्षेत्र, वस्ती क्षेत्र, कानूनले तोके वमोजिमको चुरे क्षेत्रबाट उत्खन्न गर्न पाईने छैन। र दैनिक उत्खनन्को सिफारिश परिमाण बमोजिम नै माल उठाउन पर्नेछ । प्रत्येक नदिबाट दैनिक उठाउने परिमाण रिपोर्टमा उल्लेख हुनु पर्नेछ ।

१७. यसमा उल्लेख भएका कुराहरुमा सोहि बमोजिम र यसमा उल्लेख नभएका सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

१८. बोलपत्र सम्बन्धी दर रेट, अन्य शर्त तथा विस्तृत जानकारीका लागि कार्यालयको सूचना पाटीमा हेर्नु हुन वा कार्यालय समय भित्र यस कार्यालयको राजश्व उप–शाखामा सम्पर्क राख्न हुन सम्बन्धीत सबैलाई जानकारी गराईन्छ । साथै कुन कुन माल बस्तुमा के कति दरमा कर, शुल्क लिन पाउने भन्ने बारेको विस्तृत विवरण बोलपत्र फाराम साथ संलग्न गरिएको छ ।

१९. जिल्ला समन्वय समितिको कार्यालय, धनुषाबाट २०७५।०६।१२ मा स्वीकृत IEE Report ले उल्लेख गरेको क्षेत्र (लम्वाई, चौडाई, र उचाई) लाई अनिवार्य पालना गर्नु पर्नेछ। तोकेको परिमाण र IEE Report प्रतिकूल भएमा कानून वमोजिम कारवाही गरिनेछ । पालना गर्नु पर्ने कुरा IEE Report मा उल्लेख छ।

२०. एउटै वोलपत्रमा सवै नदीहरुको उत्खन्न गर्न ठेक्का पेश गर्नु पर्नेछ। साथै प्रत्येक नदिको उत्खन्न परिमाण IEE Report मा उल्लेख भएकोछ सो प्रतिवेदनहरुमा कुन स्थानको? कता तर्फको कति परिमाणमा? लम्वाई, चौडाई र उचाई कति उत्खन्न गर्ने? माथि उल्लेखित जम्मा परिमाणमा फरक नपर्ने गरी नदि अनुसारको झिक्न पाईने परिमाण छुटा छुटै खुलाई सम्झौता गरिनेछ। सूचनामा नसमेटीएका तर कानून वमोजिम समेटनु पर्ने प्रवधानहरु सम्झौतामा समावेश गरी कार्य सम्पादन गरिनेछ ।

२१.यसको मुख्य आधार भनेको IEE Report नै हो यो अक्षरस पालना हुनु पर्नेछ। बाँकी दिनको हिसाब गरेर मात्र परिमाण तोकिएकोछ। तोकेको परिमाणमा एक दुई प्रतिशत सम्मको तल माथि हुन गएमा अस्वीकार्य हुने छैन ।

**<u>तपसिल</u>**

| ठेक्का नं. | उत्खन्न गर्ने नदीहरुको नाम | उठाउन पाउने परिमाण (घनफिट अंकमा) | न्युनतम ठेक्का रकम रु |
|---|---|---|---|
| १२०७६।०७७ लिलाम बढाबढ | रातु नदी | १२,०४,५४३ | २,६२,२४,४८१।२५ (अक्षरेपी रु दुई करोड बैसठी लाख चौबीस हजार चार सय एकासी पैसा पच्चीस मात्र ।) |
| | जलाद नदी | १२,७९,४७८ | |
| | औरही नदी | १४,९४,८८४ | |
| | जग्धर नदी | ६,६२,६६४ | |
| | वसही नदी | १३,४७,३७४ | |
| | वडहरी नदी | १०,०४,२५२ | |
| | जम्मा | ६९,९३,१९५ | |

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत